# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

## प्रेश विज्ञप्ती

(आमसञ्चार माध्यममा तत्काल उपयोगको लागि)

२०७४ मंसिर १५ गते, शुक्रबार

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा, (दंगाल) संयुक्त राज्य अमेरिकाको साताव्यापी भ्रमण सम्पन्न गरी २०७४ मंसिर १५ गते स्वदेश फिर्ता हुनु भयो । उक्त भ्रमणका क्रममा महालेखा परीक्षकज्यू International Budget Partnership ले वासिङटन डि.सी. मा २०७४ मंसिर १२ र १३ गते आयोजना गरेको Audit Accountability विषयक कार्यक्रममा सहभागी हुनु भएको छ । सो अवसरमा उहाँले संयुक्त राज्य अमेरिका स्थित नेपाली राजदुतावासको निरीक्षण गर्नुभएको थियो ।

उक्त भ्रमणका क्रममा माननीय महालेखा परीक्षकज्यू र संयुक्त राज्य अमेरिकाका कम्पट्रोलर जनरल जेन एल. डोडारो बीच बाशिङ्गटन डि. सि. स्थित Government Accountability Office मा भएको भेटवार्तामा दुई संस्था बीचको पारस्पारिक सम्बन्ध वृद्धिका क्षेत्रहरु, क्षमता विकास, आपसी अनुभवको आदान प्रदान बारे छलफल भएको थियो । छलफलमा कम्पट्रोलर जनरल जेन एल. डोडारोले नेपालको महालेखा परीक्षकको कार्यालयको कार्य प्रक्रियामा सुधार गर्न, क्षमता विकास र आपसी हितका क्षेत्रहरु पहिचान गरी आवश्यक सहयोगको प्रतिबद्धता जनाउनु भएको छ ।

उद्धवचन्द्र श्रेष्ठ
नायव–महालेखापरीक्षक/ प्रवक्ता


e-mail: oagnep@ntc.net.np, info@oag.gov.np
Web page : www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"